नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
चलानी नम्बरः

मितिः २०८३।०७।२९, नेपाल सम्वत् ११४७, कछलाथ्व।

प्रेस विज्ञप्ति

३१औँ साझेदारी शिखर सम्मेलनमा नेपालको सहभागिता तथा भारतसँग द्विपक्षीय आर्थिक सहकार्यबारे छलफल

भारतको आन्ध्र प्रदेशस्थित विशाखापट्टनममा २०८३ साल कार्तिक २६ र २७ गते (तदनुसार १२-१३ नोभेम्बर २०२६) मा सम्पन्न 31st CII Partnership Summit, 2026 मा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री ई. दीपक कुमार साहको नेतृत्वमा गएको नेपाली प्रतिनिधिमण्डलले सम्मेलनमा सहभागिता जनाई स्वदेश फिर्ता भएको छ। सम्मेलनमा माननीय मन्त्रीज्यूले नेपालको व्यापार, लगानी तथा औद्योगिक सम्भावना र लगानी आकर्षणका निम्ति नेपाल सरकारले चालेका सुधारका विषयमा उल्लेख गर्दै जलविद्युत, नवीकरणीय ऊर्जा, उत्पादनमूलक उद्योग, कृषि प्रशोधन, पर्यटन र सूचना प्रविधिका क्षेत्रमा भारतीय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई लगानीका लागि आह्वान गर्नु भएको छ।

भ्रमणका क्रममा माननीय मन्त्रीज्यू र भारतका केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पीयूष गोयलसँग भएको द्विपक्षीय भेटमा नेपाल-भारत व्यापार, पारवहन, नेपाली उत्पादनको भारतीय बजारमा पहुँच तथा भारतीय गुणस्तर ब्युरो (BIS) बाट हुने प्रमाणीकरण प्रक्रियालाई सरल र सहज बनाउने र नेपाली सिमेन्ट, स्टिल, प्लाइउड, जुत्ता, धागो तथा जुट लगायतका उत्पादनको सहज बजार पहुँचका विषयमा छलफल भएको छ। त्यसैगरी, आन्ध्र प्रदेशका मुख्यमन्त्री श्री एन. चन्द्रबाबु नायडुसँगको भेटमा औद्योगिक तथा लगानी सहकार्य, विशाखापट्टनम बन्दरगाहमार्फत नेपालको व्यापार सहजीकरण, वाणिज्य दूतावास स्थापनाको सम्भावना तथा धार्मिक पर्यटन सर्किट विकासका विषयमा छलफल भएको छ। सम्मेलनमा भारतीय उद्योग परसंघ (CII) का उपाध्यक्ष श्री शाश्वत गोयन्का तथा महानिर्देशक श्री चन्द्रजित बनर्जीसँग समेत भेटघाट भई नेपालमा भारतीय लगानी, संयुक्त औद्योगिक साझेदारी, प्रविधि हस्तान्तरण तथा निजी क्षेत्रबीच सहकार्य विस्तारबारे विचार विमर्श भएको थियो।

भ्रमणका क्रममा नेपाली प्रतिनिधिमण्डलले विशाखापट्टनम बन्दरगाह तथा भन्सार कार्यालयको स्थलगत अवलोकन गरी नेपाली कार्गोको ढुवानी, सेवा सुविधा र भन्सार प्रक्रियाबारे जानकारी लिएको थियो। उक्त भ्रमणमा मन्त्रालयका सहसचिव श्री जितेन्द्र बस्नेत, उपसचिव श्री मनोज कुमार बिक र माननीय मन्त्रीज्यूका सल्लाहकार श्री श्याम शर्माको सहभागिता रहेको थियो। यस भ्रमणले नेपाल-भारतबीच व्यापार, लगानी, औद्योगिक सहकार्य, बजार पहुँच तथा पारवहन सहजीकरणका क्षेत्रमा थप सहकार्यका अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ।

.....

(जितेन्द्र बस्नेत)
सहसचिव/ प्रवक्ता

Email: spokespersonmoics@gmail.com Mobile Number: 9851353588